नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
# विद्युत विकास विभाग
अनुमतिपत्र महाशाखा
(.............................................)

फोन नं.: ४५३४११९, ४५११५३७, ४५१९५०१, ४५३९३६२
फ्याकस: ४५३९९०३
पोष्ट बक्स नं.: २५००७
सानोगौचरण, काठमाडौं, नेपाल

पत्र संख्या:- ०८० /८१
चलनी नं.:- ११५२

मिति: २०८१/०३/०९

विषय: सानी भेरी-३ जलविद्युत आयोजनाको विद्युत उत्पादनको अनुमतिपत्रको दरखास्त बारे

श्री सानी भेरी हाइड्रोपावर कम्पनी प्रा.लि.
काठमाण्डौ, नेपाल
फोन नं :९८०१०१२५०४/ ९७४१४५४६५५ I

उपरोक्त विषयमा तहाँबाट प्रवर्द्धित सानी भेरी-३ जलविद्युत आयोजनाको विद्युत उत्पादन अनुमतिपत्रको दरखास्त उपर कारवाही हुँदा तपसि बमोजिमका कागजात/विवरणहरु पेश हुन बाँकि देखिएकाले विद्युत आयोजनाको अनुमतिपत्र सम्बन्धी निर्देशिका,२०७५को दफा १३(४) अनुसार र कागजात/विवरणहरु १५ (पन्ध्र) दिनको समयावधि भित्र पेश गर्नुहुन विभागको मिति २०८१/०३/०९ को निर्णयानुसार जानकारी गराइन्छ I

तपसिल: (सम्पूर्ण प्रतिलिपिहरु notarize हुनु पर्ने)

१. कम्पनीको अद्यावधिक शेयर लगत अभिलेख(softcopy समेत), पछिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्र वा कर दाखिला गरेको प्रमाण तथा उद्योग दर्ताको प्रमाणपत्र (वैदेशिक लगानीको हकमा सोको स्वीकृति समेत) को नोटरीबाट प्रमाणित कागजातहरु,
२. संचालक समितिको बैठकको निर्णय सहितको अख्तियारिनामा, पत्राचार गर्ने स्पष्ट ठेगाना (पोष्ट बक्स नं. इमेल) र अख्तियारी प्राप्त व्यक्तिको प्रमाणित परिचय पत्र एवं सम्पर्क नं.,
३. आयोजनाको सम्भाव्यता अध्ययन वा विस्तृत इन्जिनियरिंग डिजाईन र डिजाईन नक्शा र ड्रइंग तथा सोको softcopy,
४. आयोजनाको प्रमुख संरचना सहित अक्षांश देशान्तर नक्शांकन भएको सक्कल स्थलरूप (टोपो) नक्शा,
५. निर्माण कार्यको विस्तृत तालिका(Construction schedule),
६. स्वीकृत EIA/IEE तथा सोको softcopy,
७. आयोजनाको लागि स्थायी वा अस्थायी, तवरबाट उपयोग वा प्राप्ति गरिने सरकारी वा निजी जग्गाको कूल क्षेत्रफल र जग्गाधनीहरुको लगत,
८. आयोजनामा हुने शेयर र ऋण लगानीको अनुपात स्पष्ट खुल्ने विवरण तथा जानकारी,
९. आयोजनामा प्रत्यक्ष रुपले सहभागी हुने वित्तीय संस्थाहरुसँगको ऋण सम्झौता वा ति संस्थाहरुबाट पेश भएको लगानी गर्ने प्रतिवद्धता,
१०. अघिल्लो आर्थिक वर्षको लेखापरीक्षण गरिएको वित्तीय विवरण(UDIN भएको) तथा लेखापरीक्षण गर्नेको दर्ता/नविकरण लगायतको प्रमाणित प्रतिहरु,
११. विभागको Website मा रहेको Networth फारमको ढाँचामा आयोजनाको आवश्यक स्वपुंजीलाई पुग्ने गरी प्रवर्द्धक कम्पनीको Networth वा प्रवर्द्धक कम्पनीमा कायम रहेका शेयर होल्डरहरुको चार्टर्ड एकाउन्टेन्टबाट प्रमाणित Cumulative Net Worth र CA को संस्था दर्ता,नवीकरण,Cop का प्रमाणित प्रतिहरु,
१२. विभागको Website मा रहेको Networth फारमको ढाँचामा आयोजनाको आवश्यक स्वपुंजीलाई पुग्ने गरी प्रवर्द्धक कम्पनीको Networth वा प्रवर्द्धक कम्पनीमा कायम रहेका शेयर होल्डरहरुको चार्टर्ड एकाउन्टेन्टबाट प्रमाणित Cumulative Net Worth र CA को संस्था दर्ता,नवीकरण,Cop का प्रमाणित प्रतिहरु ।
१३. आयोजनामा इक्विटी लगानी गर्ने सम्बन्धमा शेयर होल्डरहरु बीच भएको सम्झौता,
१४. कुनै शेयर होल्डरले लिन कबुल गरेको शेयर बराबरको निजको नेट वर्थ नभएको अवस्थामा उक्त शेयर होल्डरको शेयरमा समेत अन्य शेयर होल्डरहरुले आवश्यक परेमा आयोजनामा इक्विटी लगानी गर्ने सम्बन्धमा शेयर होल्डरहरुबीच भएको सम्झौता,
१५. कम्पनी/शेयरहोल्डरले यसअघि उत्पादन अनुमतिपत्र प्राप्त गरी कुनै विद्युत आयोजनामा लगानीको लागि सहभागि भैसकेको भए सो आयोजनामा लगानी भएको विवरण(पहिलाको र प्रस्तावित आयोजनालाई खाम्ने गरी Net worth पेश गर्नु पर्ने)
१६. शेयर पूँजीमा लगानी गर्ने प्रतिबद्धता गरिएको संचालक समितिको निर्णयको प्रमाणित प्रतिलिपि ।

प्रदिप कुमार राउत,इन्जिनियर